
# जोनाथन लिभिङ्स्टन सिगल : एक विद्रोही पंक्षीको कथा

कमल पौडेल ¦ आइतबार, २५ साउन २०८२, १७ : १६ ¦




कमल पौडेल
आइतबार, २५ साउन २०८२

**सारांश**

- रिचर्ड बाकको 'जोनाथन लिभिङ्स्टन सिगल' एक दार्शनिक उपन्यास हो, जसमा जोनाथन नामक चराको कथा छ जसले परम्परागत मूल्यहरू तोड्छ।
- जोनाथनले उडानमा विशेषज्ञता हासिल गर्छ, सामाजिक सीमाहरूलाई चुनौती दिन्छ, र अन्ततः आफ्नो लक्ष्य हासिल गर्छ, जसले गर्दा ऊ नायक बन्छ।
- उपन्यासले मानवीय ज्ञानको सम्भावित दिशालाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दछ, स्वतन्त्रता, परिवर्तन र आत्म-खोजजस्ता विषयहरूमा केन्द्रित छ।

रिचर्ड बाक को 'जोनाथन लिभिङ्स्टन सिगल' एक दार्शनिक लक्षणामा आधारित (फिलोसोफिकल एलेगोरी) उपन्यास हो । दार्शनिक लक्षणमा आधारित वा प्रतीकात्मक उपन्यास भन्नाले जीवन, अस्तित्व, नैतिकता वा आत्म–खोजजस्ता गहन दार्शनिक विषयहरूलाई प्रतीकात्मक ढंगले प्रस्तुत गरिएको काल्पनिक कथा हो, जसमा पात्रहरू र घटनाहरू प्रतीकका रूपमा प्रयोग गरिन्छ र तिनीहरूले गहिरा अर्थ वा सन्देश दिन्छन् ।

यस उपन्यासमार्फत जोनाथन नामक एक सिगलको मुख्य नायकत्वको भावना प्रस्तुत गरिएको छ । यस कथामा समुद्री चराहरू पात्रका रूपमा प्रस्तुत गरिएका छन् । तीमध्ये जोनाथन नायकको रूपमा चित्रित गरिएको छ । उपन्यासमा उसले निर्वाह गरेको भूमिकाले उसलाई नायक वा प्रमुख पात्र भएको प्रमाणित गर्छ ।

जोनाथनको समाज चल्दै आइरहेको सास्कृतिक परम्परामा रमाएको देखिन्छ, जसले कैयौँ मानिस आफ्नो अस्तित्वमा मात्रै सन्तुष्ट भएर बस्न प्रेरित भएको कुरालाई पनि झल्काउँछ, जहाँ परम्परागत मूल्यमान्यताहरू तोड्न निषेध पनि छ । तर, जोनाथन ती सांस्कृतिक सीमाहरू पार गरेर अगाडि बढ्छ । उसले सामान्य जीवनशैलीमा मात्र सीमित भएर नबसी, सपना देख्छ, संघर्ष गर्छ र अन्ततः आफ्नो लक्ष्यमा पुग्छ । उसले पुरानो सामाजिक संरचना हल्लाएर अरूलाई पनि नयाँ बाटो देखाउँछ–यही कारण ऊ नायक मानिन्छ ।

अक्सफोर्ड डिक्सनरीका अनुसार 'हिरो' भन्नाले यस्तो व्यक्तिलाई बुझाउछ, जो साहसी कार्य गर्छ र जसलाई धेरैले प्रशंसा गर्छन् (पृ.७२८) । जोनाथन पनि समाजबाट तिरस्कृत भएपछि साहसपूर्वक टाढाको चट्टानहरूमा बस्न विवश हुन्छ । ती चट्टानहरूमा बस्नु भनेको उसले परम्परागत मूल्य र मान्यताविरुद्ध विद्रोह गरेको संकेत हो ।

अन्य सिगलहरू सामान्य उडान सिक्ने, समुद्रबाट खाना खोज्ने, र गुँडमा फर्कने, आदि सामान्य र नियमित काम गर्न मात्रै रुचाउँछन् । तर, जोनाथनलाई उड्नमा विशेष प्रेरणा छ  र उडान नै उसको जीवनको प्रमुख उद्देश्य हुन्छ । यही विशेषताले उसलाई सिगल समुदायमा फरक अनि चर्चित बनाउँछ । अन्य सिगलहरू आफ्नो उड्ने क्षमतालाई सीमित मानेर सामाजिक मूल्य मान्यतामा बाँधिएर बस्छन्, तर जोनाथनले ती मूल्यहरूलाई चुनौती दिन्छ, सफल हुन्छ र नयाँ पाठ पनि सिकाउँछ–जुन उपन्यासमा उसको नायकत्वको प्रमाण हो ।

यस उपन्यासले परम्परागत नायकको अवधारणालाई चुनौती दिएको छ । उपन्यासमा भएका पात्रहरू मानव नभई चराहरू हुन् । यद्यपि, नायकले समाजमा वर्षौंदेखि चलिआएका परम्परा तोड्दा दुःख कष्ट वा मृत्यु नै पनि सहनुपर्छ, तर जे भए पनि अन्त्यमा उसले अथवा उसले चालेको साहसिक कदमले सफलताको बाटो पाउँछ । जसरी प्राचीन ग्रिसमा सोक्रेटसलाई विषपान गर्न बाध्य पारिएको थियो, त्यसरी नै यस उपन्यासमा पनि जोनाथन आफ्नो समाजबाट निष्कासित हुन्छ । तर निष्कासनपश्चात् पनि विचलित नभइकन ऊ आकाशका विभिन्न भागहरूमा पुगेर उडानमा झनै दक्षता हासिल गर्छ ।



त्यसक्रममा उसले त्यहाँ सिगल समुदायबाट निष्कासित अन्य दुई पंक्षीहरू च्याङ र फ्लेचरलाई पनि भेट्छ, जसले उसलाई झन सशक्त बनाउँछ । त्यसपछि जोनाथनले च्याङबाट थप निर्देशन र तालिम पाउँछ अनि ऊ ६ महिनामै उत्कृष्ट उडानकर्ता बन्छ ।

उपन्यास पढिरहँदा हामीले जोनाथनले आफ्नो जीवनमा साधारण कुराभन्दा बढी चाहेको अनुभूति गर्न सक्छौं । उसले स्वतन्त्र विचार, आत्मविश्वास, धैर्यता, प्रेम, परिवर्तन, सहकार्य, सत्य आदिजस्ता कुराहरू आत्मसात् गर्छ । समालोचनात्मक दृष्टिकोणले हेर्दा समुद्रकिनाराले नयाँ काम गर्न नचाहने मानिसहरूको प्रवृत्तिलाई जनाउँछ । किनभने अन्य सिगलहरूले कहिल्यै प्रयासै गरेनन्, जसरी समुद्र किनार पनि वर्षौंसम्म एकै किसिमले अपरिवर्तित रहन्छ । उपन्यासमा आकाशलाई स्वतन्त्रता र चाहेजस्तो उड्न सकिने स्थानको प्रतीकका रूपमा चित्रण गरिएको बुझ्न सकिन्छ ।

हामीले यस उपन्यासमा प्रस्तुत कथा, काल्पनिक चरित्र, र वैकल्पिक परिवेशमार्फत मानवीय ज्ञानको सम्भाव्य दिशालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको पाउँछौं । कल्पना, अस्तित्व र यथार्थको मिश्रण तथा कथाका पात्र र घटनाहरूले गहिरो प्रतीकात्मक अर्थ बोकेको हुनाले यसलाई दार्शनिक लक्षणा अर्थात् फिलोसोफिकल एलेगोरी भनिएको हो ।

यस उपन्यासका लेखक गम्भीर विमान दुर्घटनाबाट बाँचेपछि जीवनप्रति गम्भीर बन्छन् र बाँकी जीवनकालमा केही सार्थक गरौं भन्ने भावनाबाट प्रेरित हुन्छन् । फलस्वरूप यस उपन्यास उक्त दुर्घटनाको सकारात्मक प्रतिफलको रूपमा आउँछ ।

यस उपन्यासलाई हामीले प्रतीकात्मक रूपमा हेर्न सक्छौं । यद्यपि यसमा सिगलहरू अर्थात् एक किसिमका सामुद्रिक चराहरूको कथा प्रस्तुत गरिएको छ । किनभने प्रतीकात्मक रूपमा उपन्यासले सम्पूर्ण मानव सभ्यतालाई कलात्मक रूपमा चित्रण गर्छ । हामीले आफ्नो जीवनमा मस्तिष्कले निर्देश गरेका लक्ष्यहरूमा क्रियाशील भएर काम गर्नुपर्छ भन्ने कुरा उपन्यासले बलियोसँग बोध गराउँछ । उपन्यासमा जोनाथन पनि आफ्ना विचारहरू र दृढ सङ्कल्पले गर्दा सामुदायिक सीमितताको घेरालाई तोडेर स्वतन्त्रतापूर्वक आकाशमा उडी आफ्नो लक्ष्य पूरा गर्छ ।

यदि जोनाथनले परिवर्तन ल्याउने दृढता नदेखाएको भए, उसले उडान संस्कारमा परिवर्तन ल्याउन सक्ने थिएन । यदि हामी समुद्रकिनार र अन्य सिगलहरूलाई फरक दृष्टिकोणबाट विश्लेषण गर्छौं भने ती उडानप्रति अनभिज्ञ देखिन्छन् । किनभने तिनीहरूमा परिवर्तनका लागि कुनै भोक वा प्रेरणा नै थिएन, तिनीहरू साना खानेकुरा र दैनिक सामान्य जीवन बिताएर नै सन्तुष्ट थिए । तर जोनाथन सन्तुष्ट थिएन । यही असन्तोषले उसलाई आफ्नो समग्र विश्वास प्रणाली बदल्न प्रेरित गर्‍यो ।

त्यसकारण जोनाथन एउटा प्रतीक हो, ती व्यक्तिहरूका लागि, जो आफ्नो उद्देश्य पहिल्याउँदै, सिक्दै, अनुसरण गर्दै, मूल्य चुकाउन तयार हुन्छन् । कहिलेकाहीँ तपाईंका नजिकका मानिसहरूले पनि तपाईंको सपना नबुझ्न सक्छन्, जसरी अरू सिगलहरूले जोनाथनको विचार बुझेनन् । तर पनि जोनाथन निरुत्साहित हुँदैन । साहसले देखाउँछ–जबसम्म हामी हाम्रो लक्ष्यमा पुग्दैनौँ, हाम्रो हृदय, आत्मा, शरीर सबै अस्थिर हुन्छ ।

उपन्यासले जोनाथनको नायकत्वको अन्य कारणहरूमा उसको ध्यान, इच्छाशक्ति, साहस, उत्साह, निरन्तरता, धैर्यता, सहिष्णुता, आत्मविश्वास, समर्पण आदि कुराहरू रहेको देखाउँछ । किनभने आलस्य, डर, उपेक्षा, रिस, अनिच्छा आदिजस्ता गुणहरूले जीवनलाई अवरुद्ध गर्छन्, जसरी सिगल समुदायमा पनि अन्य सामुद्रिक चराहरूलाई यस्ता नकारात्मक गुणहरूले उनीहरूको आफ्नो सीमित जीवन व्यतित गराउन बाध्य गरायो । यसरी 'जोनाथन लिभिङ्स्टन सिगल' उपन्यासमा जोनाथन एक नायकका रूपमा प्रस्तुत गरिएको छ ।

र अन्त्यमा, हामीले उपन्यासमा जोनाथनबाट सामाजिक सुधारका लागि लिन सकिने सुझावहरू बुँदागत रूपमा निम्नानुसार संक्षिप्तमा बुझ्न सकिन्छः

१. 'स्वर्ग' बाहिरी स्थान होइन वा अन्त कहीँ कतै भेटिँदैन, यो त आफैभित्र भएको सन्तोषजनक अवस्था हो, जुन जोनाथनले उत्कृष्ट उडान सिकेपछि महसुस गर्छ ।
२. सफलताका शिखरतिर बढ्दाँ कुनै पनि अवरोधले निराश हुन हुँदैन, जोनाथनलाई समाज र अभिभावकले रोक्दा पनि ऊ डगमगाएन ।
३. माफ गर्न जान्नुपर्छ – जोनाथनले फ्लेचरलाई समाजले उसमाथि गरेको निर्णयलाई माफ गर्न प्रेरित गर्छ ।
४. जिज्ञासा, समर्पण, निरन्तरता र दृढ इच्छाशक्ति नै आविष्कारको जननी हुन्, जसरी जोनाथनले नयाँ उडान संस्कार सुरुवात गर्छ ।
५. सपना देख्न र योजना बनाउन सकेनौँ भने लक्ष्यमा पुग्न सकिँदैन, जसको प्रतीक जोनाथन हो ।
६. परिवर्तनका लागि साहस, प्रेरणा र दृढ संकल्प आवश्यक हुन्छ, जुन जोनाथनको चरित्रमा छ ।
७. सांस्कृतिक एवं परम्परागत बन्दन तोड्नुपर्छ, यदि मानव जातिको समृद्धि चाहिन्छ भने ।
८. यदि कसैले समाज सुधारको लागि आफूलाई समर्पण गर्छ भने, त्यो सम्भव छ, जुन जोनाथनले प्रमाणित गर्छ ।

***(पौडेल चौतारा बहुमुखी क्याम्पस, सिन्धुपाल्चोकका अंग्रेजी शिक्षाशास्त्रका उपप्राध्यापक हुन्)***

# जोनाथन लिभिङ्स्टन

खबर पढेर तपाईंलाई कस्तो महसुस भयो ?

## प्रतिक्रिया

## लेखकको बारेमा



कमल पौडेल

लेखकबाट थप

## भर्खरै

- गृहमन्त्री र नवप्रवर्तनमन्त्रीको पद तथा गोपनियताको सपथ ग्रहण सुरु
- ३२ तले भवनमा ३४औँ तलाको फ्ल्याट किनेपछि...
- प्रतिनिधि निर्धारणमा समस्या हुँदा रास्वपा बागमतीको निर्वाचन कार्यतालिका प्रभावित
- ४ लाख २३ हजार भन्दा बढीले अद्यावधिक गरे कांग्रेसको क्रियाशील सदस्यता
- औद्योगिक क्षेत्रका उद्योगले तिरेनन् भाडा र महसुल, बक्यौता चुक्ता गर्न ७ दिने अल्टिमेटम
- मन्त्रिपरिषद् बैठकमा डीडीसीका परिकार वितरण

## ट्रेन्डिङ

१. गृहमन्त्रीमा सुधन गुरुङको कमब्याक, आजै शपथ

२. यी २५ वटा अत्यावश्यक सेवामा हडताल गर्न निषेध (सूचीसहित)

३. ओलीको नाम र तस्बिर दुरुपयोग गरी रास्वपाको सदस्य बनाइएपछि...

४. हर्कराज राईलाई ट्राफिक प्रहरीले गर्‍यो कारबाही

५. रौतहट दुर्घटना : मृतकको पहिचान खुल्यो

६. सरकारद्वारा जिल्ला भूमि समस्या समाधान समिति गठन, प्रमुख जिल्ला अधिकारीलाई अध्यक्षको जिम्मेवारी

७. रास्वपा सभापति लामिछानेले भेटे राष्ट्रपति, के भयो कुराकानी ?

८. तोडियो संवादहीनता, 'पीएमको जबाफ' विपक्षीको बटमलाइन बन्दा खुलेन संसद्

## छुटाउनुभयो कि ?

जडीबुटीमा गोली चल्यो

रास्वपा सभापति रवि लामिछानेमाथि कारबाही सिफारिस

अमेरिकामा नेपाली नर्स ममता बेपत्ता भएको झन्डै दुई वर्षपछि नयाँ प्रमाण फेला, शव अझै फेला परेन

टिकटकर तुलसा अधिकारी पक्राउ

प्रधानमन्त्री बालेनले सीमा विवादबारे संसद्मा दिएको अभिव्यक्तिबारे के भन्छन् भारतीय मिडिया ?

प्रधानमन्त्री बालेन, सभापति रवि र अर्थमन्त्री स्वर्णिमबिच सिंहदरबारमा ४ घण्टा छलफल

दरबार हत्याकाण्ड सम्झाउने १५ तस्बिर

राइड सेयरिङ गर्ने दुई पाङ्ग्रेलाई अब कालो नम्बर प्लेट, वार्षिक कर पनि तोकियो


**सूचना विभाग दर्ता नं:** १९७/०७३-७४

**Editor-in-Chief:** Jiwendra Simkhada

**Chairman:** Bijaya Sharma


## सम्पर्क


Bakhundole, Lalitpur

01-5010630, 01-5010671

ratopati@gmail.com

info@ratopati.com

marketing.ratopati@gmail.com

article.ratopati@gmail.com


## उपयोगी लिंकहरू


हाम्रो टीम

विज्ञापनको लागि

सम्पर्क

Give Feedback

Privacy Policy

Terms and Condition

Nepali Date Converter

Preeti Unicode Converter



© 2026 Copyright Ratopati News Network | All rights reserved.

स्रोतहरु खुलाइएका बाहेक रातोपाटीमा प्रकाशित सम्पूर्ण सामग्रीहरु रातोपाटी न्युज नेटवर्कका सम्पत्ति हुन्।

Design & Developed By: Futuressoft